यो ठाउँ नियमित
विज्ञापनका लागि
खाली छ ।
सम्पर्क : ०६१-५३९४५५



राष्ट्रिय दैनिक

# गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ९ ○अंक ७९ ○श्रेणी 'क' ○२०७३ पुस ४ गते सोमबार ○19 Dec. 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-



यो ठाउँ नियमित
विज्ञापनका लागि
खाली छ ।
सम्पर्क : ०६१-५३९४५५


## 'एमालेले सोचाइ परिपक्व नबनाउँदा र बढी उदार बन्दा विगतमा गल्ती'

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ३ पुस ।**

नेकपा एमालेका महासचिव ईश्वर पोखरेलले संविधान संशोधनको प्रस्ताव असंवैधानिक र अदालतको समेत मानहानी हुने गरि ल्याइएको कारण संसदमा छलफल गर्न योग्य नरहेको बताएका छन् । प्रेस चौतारी कास्की शाखाले आइतबार पोखरामा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै महासचिव पोखरेलले भने- 'अहिले सत्तारुढ पार्टीहरुले ल्याएको संविधान संशोधनको प्रस्ताव संविधानले गरेको व्यवस्था भन्दा विपरित रहेकोले छलफल गर्न योग्य छैन ।'

प्रस्तावमा प्रदेश नं. ५ का केही पहाडी जिल्ला प्रदेश नं. ४ मा मिसाउने कुरा गरिएको र यस्तो प्रस्तावमा विगतमा नेकपा एमालेका अध्यक्ष केपी ओलीले समेत हस्ताक्षर गरेको भनि चर्चा हुने गरेको भन्दै पोखरेलले भने- 'विगतमा संघीयताको बारेमा छलफल हुने क्रममा एमालेले त्यस्तो प्रस्ताव गरेको भएपनि त्यो छलफलमा आएको विषय भएकाले संविधान जारी गरेपछि पुरानो कुरा उठाउनु भनेको पूर्वाग्रही ढङ्गले विरोध गर्नुमात्र हो।'

यसैप्रसङ्गमा नेता पोखरेलले प्रदेश नं. २ मा तराइ मधेशलाई मात्रै पारिनु गलत भएको स्पष्ट पारे । नेकपा एमालेले परिपक्व सोचाइ बनाउन नसक्दा र बढी उदार बन्न खोज्दा प्रदेश नं. २ मा तराइ मधेश जिल्लामात्र परेको भएपनि प्रदेश नं. ५ लाई त्यसरी विभाजन गर्न नहुने उनले बताए । अब एमालेले प्रदेश नं. ५ र ४ को विषयमा परिपक्व सोचाइ कहिले बनाउने र उदार कहिले बन्ने ? भन्ने प्रश्नको उत्तरमा भने उनले स्पष्ट जवाफ दिएनन् ।



एमालेले लगातार संसद अवरुद्ध गर्दा निर्वाचन सम्बन्धी विधेयकमा र अख्तियार प्रमुख लोकमान सिंह कार्कीको विषयमा समेत छलफल हुन नसकेकोले एमाले निर्वाचनको विपक्षमा र लोकमानको संरक्षणमा रहेको त होइन ? भन्ने गोल्डेन न्यूज दैनिकको प्रश्नमा उनले सभामुखले कार्यसूची बनाएर लोकमान या निर्वाचन सम्बन्धी विषयमा संसद चलाउन चाहे आफूहरु सकारात्मक बन्ने स्पष्ट पारे । उनले भने-'कार्यव्यवस्था समितिमा छलफल गरि कार्यसूची बनाएर अघि बढेमा अरु विषयको छलफलमा हामी बाधक बन्दैनौं ।'

महासचिव पोखरेलले संविधानको सर्वस्वीकार्यता भन्नु पाखण्डी तर्क भएको भन्दै संविधान गतिशिल र परिवर्तनशील दस्तावेज भएकाले संशोधन हुन सक्ने तर वैधानिक बाटोबाट आउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा एमाले सचिव एवं प्रचार विभाग प्रमुख योगेश भट्टराईले संविधान संशोधनको प्रस्ताव संवैधानिक, जनविरोधी र राष्ट्रिय हित प्रतिकूल रहेको बताए । उनले नेपाली कांग्रेसले हरेक आन्दोलनको नेतृत्व गर्दै आएको र विपि, गणेशमान, किसुनजी र गिरिजा बाबुको योगदानलाई सम्झिएर काम गर्द आग्रह गर्दै प्रधानमन्त्री प्रचण्डले द्वन्द बढाउने खालको प्रस्ताव कसको चाहनामा ल्याएका हुन् भनि प्रश्न गरे ।

प्रेस चौतारी कास्कीका अध्यक्ष माधव बरालको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष रामजी लम्साल र सचिव अर्जुन गिरीले बोलेका थिए ।

## कानून कार्यान्वयन गर्ने निकायको भूमिका अपरिहार्य

**पोखरा ३ पुस ।(गोल्डेन)**

राष्ट्रिय दलित आयोगद्वारा आइतबार पोखरामा आयोजित 'जातीय भेदभाव तथा छुवाछुत ऐन तथा यसको कार्यान्वयनको अवस्था' विषयक दुई दिवशीय कार्यशालाको उद्घाटन समारोहमा ऐनको कार्यान्वयन गर्ने निकायको भूमिका महत्वपूर्ण हुनेमा जोड दिइएको छ । जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन २०६८ सालमा आए पनि यसको अझै प्रभावकारी कार्यान्वयन हुन नसकेकामा जोड दिँदै वक्ताले समाजमा धेरै किसिमका परिवर्तन भइसकेका अवस्थामा अझसम्म पनि जातीय भेदभाव तथा छुवाछुत कायमै रहेको बताए । राष्ट्रिय दलित आयोगका सदस्य सचिव सीताराम घले परियारले जातीय भेदभाव तथा छुवाछुत ऐन आफैँमा महत्वपूर्ण उपलब्धि भए पनि ऐनको कार्यान्वयन गर्ने प्रहरी प्रशासन तथा सरकारी वकिलको कार्यालयजस्ता निकायको प्रभावकारी भूमिका अपरिहार्य भएको बताए ।

उनले जातीय भेदभाव तथा छुवाछुत जघन्य अपराध भए पनि पीडक राजनीतिक दबाब तथा मेलमिलापका नाममा छुट्ने गरेको बताउँदै पीडितलाई न्याय र पीडकलाई दण्डित गर्ने अवस्थाको सुनिश्चितताका लागि कानुनको कार्यान्वयन गर्ने निकाय सक्रिय बन्नुपर्नेमा जोड दिए ।

सहन्यायाधिवक्ता सञ्जीवराज रेग्मीले प्रमाणका आधारमा जातीय भेदभाव तथा छुवाछुतमा संलग्नलाई कारबाही गरी पीडितलाई न्याय प्रदान गर्ने प्रमुख जिम्मेवारी प्रहरी प्रशासन र सरकारी वकिलको कार्यालयलाई हुने बताउँदै संविधानले व्यवस्था गरेअनुसार सबै प्रकारका जातीय छुवाछुत तथा भेदभाव अन्त्यका लागि सम्बद्ध सबै पक्ष र निकाय सक्रिय बन्नुपर्ने बताए । कार्यक्रममा राष्ट्रिय दलित आयोगका सदस्य बेगमबहादुर विश्वकर्मा, सहायक प्रमुख जिल्ला अधिकारी झलकराम सुवेदी, अधिवक्ता प्रकाश नेपाली, कार्यक्रम संयोजक निराजन नेपाली, सुवास परियार लगायतले ऐनले जातीय भेदभाव र छुवाछुतलाई अपराधीकरण गर्ने, पीडितलाई क्षतिपूर्ति प्रदान गरी समतामूलक समाज निर्माण गर्नेलगायतका उद्देश्य राखेपनि उद्देश्यअनुरुप अझै काम हुन नसकेको बताए ।

पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गतका जिल्लास्थित सुरक्षा निकायका प्रमुख एवम् सरकारी वकिल कार्यालयका प्रमुख तथा प्रतिनिधि सहभागी भएको कार्यशाला भोलिसम्म चल्ने र जयविष्णु नेपाली, प्रकाश नेपाली, रेवतीराज त्रिपाठी लगायतले जातीय भेदभाव तथा छुवाछुत विषयमा कार्यपत्र प्रस्तुत गर्ने कार्यक्रम रहेको छ ।


### कोरियन भाषामा नयाँ भर्ना खुल्यो

Eps Topik-2017 का लागि अनुभवी प्रशिक्षकद्वारा नयाँ पाठ्यक्रममा श्रव्यदृश्य माध्यमबाट नयाँ कक्षामा भर्ना खुल्यो।

| | | | |
|---|---|---|---|
| कक्षा: विहान | ८-९ बजे | दिनमा | १-२ बजे |
| | ९-१० बजे | | ४-५ बजे |
| | | साँझमा | ५-६ बजे |

❖कक्षा सञ्चालन भैरहेको छ ।

सम्पर्क

**अन्नपूर्ण कम्प्युटर एण्ड मिडिया ट्रेनिङ इन्स्टिच्यूट (कोरियन भाषा केन्द्र)**
पोखरा-४, सिद्धार्थचोक (पुष्परत्न भवन)
शाखा कार्यालय : पोखरा-१७,विरौटा,(शिब प्लाजा)
फोन :०६१-५२४२२७, ९८५६०३०५५५,९८४७६५५८८८



### आवश्यकता

यस कालिका पब्लिक कलेजमा व्यवस्थापन संकाय अन्तर्गत शिक्षक आवश्यक परेको हुंदा योग्य उम्मेदवार हरुलाई सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र विहान १० बजे सम्म आवेदन दिनुहुन अनुरोध गरिन्छ ।

**न्यूनतम शैक्षिक योग्यता**
व्यवस्थापन संकाय अर्न्तगत कम्तिमा द्वितिय श्रेणीमा स्नातकोत्तर तह उत्तिर्ण ।

**कार्य विवरण**
अंग्रेजी तथा नेपाली माध्यममा प्राध्यापन गर्नुपर्ने।

**कालिका पब्लिक कलेज**
पोखरा-१०, रामवजार, फोन नं. ०६१-४३२७४४



### ग्राहक वर्गमा खुशीको खबर

माछापुच्छ्रे ब्रिक फ्याक्ट्री प्रा.लि.द्वारा उत्पादित गुणस्तरीय, मजबूत, सुन्दर एवं भूकम्प प्रतिरेधात्मक विभिन्न साइज र आकारका इट्टाहरु सर्वत्र बजारमा उपलब्ध छ।

❖मूल्य : रू. ११.५०/- प्रति पिस (करसहित कम्पनी रेटमा)

**माछापुच्छ्रे ब्रिक फ्याक्ट्री प्रा.लि.**
अधिकृत विक्रेता : श्री विन्ध्यवासिनी व्रिक सप्लायर्स
पोखरा-८, सृजनाचोक, फोन : ०६१-५३४२३०
९८५६०२४६४९, ९८५६०२१३१८, ९८४६०२१३१८

गुणस्तरीय सेवाका लागि सदैव हामीलाई सम्झनुहोस्।


## पेट्रोलियमको मूल्य बढ्यो

**पोखरा २ पुस ।**

नेपालका अंग्रेजी शिक्षकहरुको पेनेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य बढाएको छ। पेट्रोल, डिजेल र मट्टितेलमा समायोजन गरी चार रुपैयाँ ५० पैसा वृद्धि भएको निगमका प्रवक्ता भानुभक्त खनालले राससलाई जानकारी दिए । उनले अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य बढेकाले नेपालमा पनि मूल्य बढाउनुपर्ने बाध्यता भएको बताए। बढेको मूल्य राति १२ बजेदेखि लागू भएको छ ।

भारतीय आयल निगमले केही दिनअघि पेट्रोलियम पदार्थको मूल्य बढाएको तथा भारतीय स्थानीय निजी पम्पमा पनि खुद्रा मूल्य बढेकाले नेपालमा मूल्य बढाउनु परेको निगमको भनाइ छ ।







### हार्दिक बधाई एवं शुभकामना


श्री जगत ब. पहारी
अध्यक्ष


श्री ज्ञानेन्द्रराज कोइराला (विश्व)
उपाध्यक्ष


श्री तेजनारायण पराजुली
सचिव


श्री परशुराम शर्मा पहारी
कोषाध्यक्ष


श्री लोकराज पहारी
सदस्य


श्री इन्द्र प्र. पौडेल
सदस्य


श्री प्रेम कु. पहारी (सुशिला)
सदस्य


श्री खबराज पहारी
सदस्य


श्री महेश्वर पहारी
सदस्य

चेतना बचत तथा ऋण सहकारी संस्था लि.पोखरा-६, बैदामको हालै सम्पन्न सातौं अधिवेशनबाट संचालक समितिमा निर्विरोध निर्वाचित हुनुभएका अध्यक्ष श्री **जगतबहादुर थापा**, उपाध्यक्ष श्री **ज्ञानेन्द्रराज कोइराला**, सचिव श्री **तेजनारायण पराजुली**, कोषाध्यक्ष श्री **परशुराम शर्मा पहारी** र सदस्यहरु श्री **लोकराज पहारी**, श्री **ईन्द्र प्रसाद पौडेल**, श्री **प्रेमकुमारी पहारी (सुशिला)**, श्री **खबराज पहारी** र श्री **महेश्वर पहारीलाई हार्दिक बधाई** ज्ञापन गर्दै उहाँहरुको कार्यकालमा संस्थाले उल्लेख्य प्रगति गर्न सकोस् भन्दै कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं।

**चेतभक्त सुवेदी**
प्रवन्धक एवं
**चेतना बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
पोखरा-६, बैदाम

■ गोरखालीहरू साना कदका हुन्छन् तर उनीहरूमा उदम्य साहस हुन्छ।
- *लर्ड नेपियर*

## सम्पादकीय ...

# जनआक्रोशलाई बुझौं

नेपाली जनताको त्याग र बलिदानीबाट भएको परिवर्तनले ऐतिहासिक संविधानसभाको निर्वाचनमार्फत जननिर्वाचित संसद्को दुईतिहाई भन्दा बढी मतले जारी भएको नयाँ संविधान यतिबेला कार्यान्वयनका क्रममा छ। संविधान कार्यान्वयनका लागि असन्तुष्ट मधेसवादीलगायत विभिन्न दललाई मान्य हुनेगरी संविधान संशोधन हुनु जरूरी थियो। ठूला दलहरुले संविधान जारी हुनेक्रममा आवश्यक संशोधन गरी अघि बढ्ने प्रतिबद्धतासमेत जनाएका थिए। असन्तुष्ट पक्षलाई समेत सहमतिमा ल्याएर संविधान कार्यान्वयन गर्नुको विकल्प पनि शीर्ष नेतृत्वमा थिएन। संविधान कार्यान्वयनलाई प्राथमिकता दिने कबुल गरेर बनेको कांग्रेस-माओवादी केन्द्र गठबन्धन सरकारले संसद्मा संविधान संशोधन प्रस्ताव राख्नु आवश्यक र उपयुक्त नै देखिन्छ। तर, सरकारले विवादित जिल्लाको सीमाङ्कन आयोगको जिम्मा लगाउने तर विवादै नभएका जिल्लामा नयाँ विवाद उत्पन्न गर्ने गरी संविधान संशोधनको प्रस्ताव दर्ता गरायो। उक्त संविधान संशोधन प्रस्तावले सत्तारुढ गठबन्धनका प्रमुख दलहरु नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रभित्रै खलबल मच्चिनुका साथै ४ नम्बर प्रदेशमा गाभिएका ५ नम्बर प्रदेशका पहाडीमात्रै होइन, मधेसकै जिल्लामा पनि तीव्र विरोध भएको छ। सुरूवातदेखि नै संविधान संशोधनको औचित्य खोज्दै आएको प्रमुख विपक्षी दल नेकपा एमालेले गठबन्धन सरकारविरूद्ध विरोधमा उत्रिनु नौलो कुरा होइन। निवर्तमान प्रधानमन्त्री केपी ओलीको सत्ता बहिर्गमनदेखि नै असहयोगी व्यवहार प्रदर्शन गर्दै आएको एमालेका लागि सरकारविरूद्ध विरोध गर्ने गतिलो मौका मिलेको छ। यद्यपि, मधेसी दलहरुको साझा धारणा अझै स्पष्ट भइसकेको छैन। प्रधानमन्त्री प्रचण्डले संविधान संशोधनले राजनीतिक निकास निस्कने दाबी गरे पनि राजनीतिक विश्लेषकहरुले देशलाई थप विभाजन र विखण्डनतर्फ घचेट्ने आशंका व्यक्त गरेका छन्। सरकारले सकेसम्म राजनीतिक सहमति जुटाउने प्रयत्न गर्नुपर्ने थियो, त्यसो हुन सकेन। सीमाङ्कन गर्नुअघि सांसद्हरुलाई जनताको अभिमत बुझ्न निर्वाचन क्षेत्रमा पठाउन सकेको भए पनि यतिधेरै विवाद बढ्ने थिएन। दुर्भाग्य त के छ भने, कांग्रेस र माओवादी केन्द्रभित्रै पनि पर्याप्त छलफल नगरी संशोधन प्रस्ताव ल्याइएको छ। जुन कुराको पुष्टि सत्तापक्षकै सांसद्समेत असन्तुष्ट भएबाट प्रस्ट हुन्छ। संसदीय अंकगणितका आधारमा सरकारले संशोधन प्रस्ताव गऱ्यो। सोही निर्णयका कारण जनस्तरबाट चर्को विरोध भइरहेको छ। ५ नम्बर क्षेत्रलाई तराईबाट अलग्याएर अर्को क्षेत्रमा गाभेका कारण सो क्षेत्रका जनता विरोधमा उत्रिएका छन्। पूर्वका झापा, मोरङ र सुनसरी तथा पश्चिमका कैलाली एवम् कञ्चनपुरका विषयमा संविधान निर्माणकै बेलादेखि नै विवाद थियो। नवलपरासीदेखि कैलालीको एउटा भागसम्म तराई मधेसको अर्को प्रदेश बनाउने प्रस्ताव गरिएको छ। संविधान सभा नरहेको अवस्थामा प्रदेश सभाको सहमति लिएरमात्र सीमा हेरफेर गर्न मिल्ने नेपालको संविधान, २०७२ को धारा २७४ को आशय रहेको छ। यसले पनि सरकारले प्रस्तुत गरेको संशोधन प्रस्तावमा उल्लेख भएको सीमा हेरफेर संविधानको मर्मविपरीत देखिन्छ। सत्ता र स्वार्थका लागि दलहरुले विरोध र समर्थन गर्नेभन्दा मुलुकको दीर्घकालीन हितका निम्ति सरकार र विपक्षका जिम्मेवार नेताहरु संयमित हुनु आवश्यक छ। एमालेले संसद्को गतिरोध उत्पन्न गरेर होइन, संसद्मा तर्क दिएर विरोध गर्नुपर्छ। दलहरुले सहमति र सहकार्यको लोकतान्त्रिक विधि अपनाएर जनआक्रोशलाई सम्बोधन गर्नु अपरिहार्य देखिन्छ।

## आजको पञ्चाङ्ग

**मिति २०७३ साल पौष ४ गते सोमबार, तदनुसार दिसेम्वर १९ सन् २०१६, श्रीशाके १९३८, नेपाल संवत् ११३७, सौम्यनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। शरद ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार पौषकृष्णपक्ष चलिरहेको छ। सौरमान अनुसार आज पौषकृष्णपक्षको पूर्णिमा षष्ठी अहोरात्र रहनेछ। आज सूर्य वृश्चिक राशिमा, चन्द्रमा कर्कट राशिमा अहोरात्र रहनेछ। आज दिनमान २५ घटि ५२ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ४८ मिनेटमा जयदेव मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ०९ मिनेटमा हुनेछ।**

## आजको राशिफल

**मेष** : आटेजति काम गर्न असफल, अफन्तबाट विरोध आउनेछ, व्यापारमा मन्दी आउने, दिन सामान्य रहनेछ।

**वृष** : आफन्तजनसंग मनमुटाव हुन सक्ला, मन चञ्चल, पेट वा कम्मरको रोग लाग्ने, चिन्ता पर्ने खवर प्राप्त होला।

**मिथुन** : गर्न खोजेको काम विफल शुनेछन, मनमा असान्ति छाउने, स्वास्थ्यमा एक्कासी गडबढी आउन सक्नेछ।

**कर्कट** : पारिवारिक जमघट बढ्ने, राजनैतिक क्षेत्रमा सफलता, गरेको प्रयास सार्थक रहनेछ दिन शुभ रहनेछ।

**सिंह** : सबै क्षेत्रबाट लाभ पाइन सक्ने, नविन कार्यको थालनी गर्दा राम्रो, दिन शुभ रहेको छ।

**कन्या** : विरोधीहरु सक्रिय हुनेछन्, अपजस आईलाग्ने, अनाश्यक टकराव खेप्नु पर्ने दिन शुभ छैन चनाखो रहनुहोला।

**तुला** : मानसिक पीडा थपिने, मानहानी, आफन्त बाट धोका, आम्दानीका श्रोतहरु घट्नेछन् नआतिनु होला।

**वृश्चिक** : आदरसत्कार पाइने, नयाँ क्षेत्रमा गरेको लगानीबाट मनग्य आम्दानी, दिन अत्यन्त राम्रो छ उपयोग गर्नुहोला।

**धनु** : सरकारी कार्य असफल हुन सक्छ, मुद्दा मामिलामा हात नहाल्नुहोला, इज्जतमा आँच आउन सक्नेछ।

**मकर** : यश कृति बढ्ने, शतुमाथि विजय हासिल, घरमा नयाँ मान्छेको आगामन, दिन सुखद्, समय महत्वपूर्ण रहनेछ।

**कुम्भ** : चोटपटकको भय, टाढाको यात्रा असफल हुनेछ, नास्तिक विचारले सताउनेछ, समय खराव रहेको छ।

**मीन** : टाढाबाट धन प्राप्त हुन सक्नेछ, प्रियतम भ्टघाट हुनेछ, धार्मिक क्षेत्रबाट लाभ पाइनेछ, स्वास्थ्य राम्रो रहेछ।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

# एमाले राष्ट्रवादको नयाँ प्लट



✍ **अमित ढकाल**

सेतो लबेदा सुरुवाल, गाढा निलो रङको कोट र भादगाँउले टोपीमा गिरिजाप्रसाद कोइराला सदाझैं खुलेका थिए। त्यो दिन उनको आँखाको चमक र ओठको मन्द मुस्कान भने विशेष थियो। कोइरालाले हामी केही सम्पादक र पत्रकारलाई प्रधानमन्त्री निवास, बालुवाटारको माथिल्लो तलाको सानो बैठक कोठामा बोलाए।

नेपालको पहिलो राष्ट्रपतिमा को चुनिने भन्ने बढो कौतूहलको समय थियो। पहिलो संविधानसभरु चुनावको परिणाम आइसकेको थियो। कोइरालालाई प्रथम राष्ट्रपतिमा निर्वाचित गर्ने बचन दिएको माओवादी पार्टीले चुनाव पारिणामसँगै आफ्नो बोली फेरेको थियो। कोइराला राष्ट्रपति चुनिए दुई शक्तिकेन्द्र स्थापित हुने भन्दै माओवादी उनलाई पन्छाउने निर्णयमा पुग्यो। यसले गणतन्त्र नेपालको प्रथम राष्ट्रपति को बन्ने भन्नेमा ठूलो अनिश्चय छाएको थियो। हामीले भेटेको अघिल्लो साँझ मात्र कोइरालाले भारतमा कांग्रेस आईका नेता तथा अर्थमन्त्री प्रणव मुखर्जीसँग टेलिफोन वार्ता गरेका रहेछन्। उक्त वार्तापछि आफू राष्ट्रपति बन्नेमा उनी ढुक्कजस्तै थिए। उनको ओठको मन्द मुस्कानको राज त्यही थियो, सायद। मुखर्जीसगँको टेलिफोन वार्ताले परिणाम निकाल्न भने सकेन। कोइराला प्रथम राष्ट्रपति बनेनन्। उनलाई राष्ट्रपति बनाउन माओवादीले मानेन वा भारतले चाहेन, वा दुवैको स्वार्थवश उनी पन्छाइए, यकिन छैन। त्यसपछि कांग्रेस पार्टीमा ठूलो चिन्ता देखियो-भारत माओवादी च्यापेर 'नयाँ नेपालमा' आफ्नो स्वार्थ पूरा गर्न अघि बढ्यो। 'आफैंले पालेको' माओवादीमार्फत् भारतले के के स्वार्थ पूरा गर्ने हो भन्नेमा कांग्रेसभित्र खुब चर्चा र छलफल चल्यो।

मैले आफ्नो पत्रकारिताका २० वर्षमा राष्ट्रियताको विषयलाई लिएर नेपाली कांग्रेस त्यति बिघ्न 'चिन्तित' कहिल्यै पाएको छैन! केही समयपछि नै राजनीतिले कोल्टे फेर्यो। कटवाल काण्डलगत्तै प्रधानमन्त्री पुष्पकमल दाहालले राजीनामा दिए। उपेन्द्र यादवसँग मिलेर फेरि पनि प्रधानमन्त्री बन्ने सम्भावना दाहालकै थियो। यादव त्यसका लागि तयार नै थिए। त्यो सम्भावना समाप्त पार्न भारतको सौजन्यमा विजय गच्छदारलाई अघि सारेर मधेसी जनाधिकार फोरम फुटाइयो। एमाले नेता माधव नेपालको नेतृत्वमा कांग्रेस, एमाले र गच्छदारको फोरम-लोकतान्त्रिक मिलेर गठबन्धन सरकार बन्यो। त्यसपछि कांग्रेसको राष्ट्रियताको चिन्ता सकियो, एमाओवादीको सुरु भयो। एमाओवादी पनि के कम? राष्ट्रियता जोगाउन उसले सडक आन्दोलनै सुरु गर्यो। दाहालले नयाँबानेश्वरको चौबाटोमा उभिएर भाषण गरे, 'आइन्दा नोकरहरुसँग कुरा गर्दिनँ, सिधै दिल्ली गएर मालिकसँगै कुरा गर्छु।'

माधव नेपालको सरकारलाई उसको कार्यकालभरि नै एमाओवादीले 'कठपुतली सरकार' भनेर दुत्कार्यो। प्रधानमन्त्री नेपाल उपस्थित कार्यक्रमसमेत बहिष्कार गर्यो। एमोवादीको राष्ट्रियताको आन्दोलनले नेपालको राजनीति यसरी थलियो, संविधान जारी गर्ने ऐतिहासिक अभिभारा नै ओझेल पर्यो। राष्ट्रियताको पक्षमा लड्ने पालो अहिले एमालेको आएको छ। त्यसको जबर्जस्त नेतृत्व गरेका छन्, एमाले अध्यक्ष केपी ओलीले।

आफ्नो स्वार्थ, सुविधा र समयअनुसार राष्ट्रियताको कार्ड सबै पार्टी र नेताले प्रयोग गरेका छन्। यसपटक एमालेले त्यही कार्ड खेलेको समय भने पेचिलो छ। लामो मधेस आन्दोलन र अमानवीय भारतीय नाकाबन्दीले समाज ध्रुवीकृत छ। मधेस आन्दोलनताका राज्यबाट भएको हिंसाको घाउ मधेसमा आलो छ। पहाडमा भारतीय नाकाबन्दीको सास्तीको स्मरण पनि ताजै छ। पहाड र मधेसबीचको मानसिक विभाजन गहिरिएको छ। समुदायबीचको संयम पातलिएको छ। पार्टीहरु आफैं विभाजित र ध्रुवीकृत छन्।

यो संवेदनशील घडीमा एमालेले खेलेको राष्ट्रियताको कार्ड त्रुटिपूर्ण मात्र छैन, दीर्घकालीन राष्ट्रिय एकता र अखण्डताका हिसाबले जोखिमपूर्ण पनि छ। विभाजित राजनीतिमा संसद सचिवालयमा सरकारले दर्ता गराएको संविधान संशोधन विधेयकप्रति एमालेको असहमति अस्वाभाविक छैन। तर, जसरी एमालेले यसलाई विशुद्ध राष्ट्रियताको मुद्दा बनाएको छ, त्यो गैरजिम्मेवारीपूर्ण छ। संविधान संशोधन विधेयकमा एमालेका मूलतः तीनवटा आपत्ति छन् :

१) संविधान संशोधन अहिले आवश्यक छैन, कार्यान्वयन अहिलेको आवश्यकता हो।

२) मधेस र पहाड छुट्ट्याएर दुई राष्ट्रियता संस्थागत गर्ने रणनीति हामीलाई मान्य छैन।

३) यो भारतीय डिजाइनमा आएको राष्ट्रघाती प्रस्ताव हो, त्यसैले संसदमा छलफल गर्न योग्य छैन।

एमालेको पहिलो आपत्तिबाट सुरु गरौं। पहिले संविधान संशोधनको पृष्ठभूमि हेरौं। संविधान जारी हुनुअघिदेखि नै मधेस त्यसविरुद्ध आन्दोलित थियो। संविधान जारी भएको दिनसम्म ४५ जनाले मधेसमा ज्यान गुमाएका थिए। मधेसलाई समेट्न संविधान जारी गर्ने मिति केही पर सार्ने कि भनेर पार्टीहरुबीच छलफल र विवाद पनि भयो। अन्ततः अहिले संविधान जारी भएन भने कहिले पनि गर्न सकिन्न, त्यसैले पहिले संविधान जारी गरौं अनि असन्तुष्टि सम्बोधन गर्न संशोधन गरौंला भन्ने मतले जित्यो। त्यसो भन्नेमा एमाले अग्रपंक्तिमा थियो।

संविधान जारी भएपछि पनि मधेसमा आन्दोलन रोकिएन। थप एक दर्जन जतिको ज्यान गयो। मधेस आन्दोलनको त्यही असन्तोष सम्बोधन गर्न संविधान संशोधन आवश्यक छ भन्नेमा सबै प्रमुख दल पहिल्यै सहमत थिए। त्यही भएर नै केपी ओलीको नेतृत्वमा सरकार बनेपछि संविधानमा पहिलो संशोधन भयो। मधेसको असन्तुष्टि सम्बोधनका लागि थप संशोधन गर्न उच्चस्तरीय राजनीतिक संयन्त्र बनाउने सहमति प्रमुख पार्टीहरुबीच त्यही बेला भएको हो। तर, संविधान संशोधनको जस ओली सरकारलाई दिन कांग्रेस र मधेसवादी दल तयार थिएनन्, त्यसैले संयन्त्रमा प्रतिनिधि पठाउन आनाकानी गरे। त्यसपछि प्रधानमन्त्री ओलीले आफू भारत जानु अघिल्लो दिन हतारमा उपप्रधानमन्त्री कमल थापालाई संयोजक राखेर उच्चस्तरीय राजनीतिक संयन्त्र गठन गरे। प्रस्ट छ, ओली आफ्नो प्रधानमन्त्री कालमा संविधान संशोधन गर्न प्रयत्नरत थिए। कति संशोधन गर्ने र के संशोधन गर्ने भन्नेमा मतान्तर त्यतिबेला पनि थियो। कसले जस पाउने भन्ने खिचातानी पनि थियो।

एमालेले अहिले आएर जसरी संविधान संशोधनै आवश्यक छैन भनिराखेको छ, त्यसमा कत्ति पनि राजनीतिक इमानदारी छैन। इमानबिनाको अडान कि हलुका हुन्छ कि खतरनाक। दोस्रो, अहिलेको संविधान संशोधनमा एमालेले गरेको सबैभन्दा ठूलो विरोध पाँच नम्बर प्रदेसको सीमांकन परिवर्तन प्रस्तावमा हो।

उक्त सीमांकन परिवर्तनविरुद्ध बुटवल, पाल्पा, गुल्मी, अर्घाखाँचीमा ठूल्ठूला विरोध प्रदर्शन भएका छन्। यी विरोध स्वाभाविक छन्। बुटवलसँग पाल्पा, गुल्मी, अर्घाखाँची नङ र मासु जसरी नै जोडिएका छन्। आधा परिवार तल बुटवल बजारमा छन्, आधा माथिका जिल्लामा। बसाइँ नसरी पहाडमै बसेकामध्ये सक्नेले बुटवलमा जग्गा किनेका छन्। बुटवल झरेकामध्ये सक्नेले पहाडको जग्गा नबेची राखेका छन्। पहाडका जिल्लाको बजार भर्ने ठाउँ बुटवल नै हो। दसैं-तिहारमा टीका थाप्न बुटवल र यी पहाडी जिल्लाबीच आउजाउ हुन्छ। त्यसैले स्वाभाविक रुपमा मधेस-पहाड टुक्रयाउन पाइन्न भन्ने नाराले स्थानीय जनता तानिएका छन्। जबसम्म पार्टीहरुले संघीयताको सीमांकन भनेको मधेस-पहाडबीच विभाजन हो, जिल्लाहरु बीचको पर्खाल हो भनेर झगडाको बीउ तलसम्म लगेका थिएनन्, मानिसको दिमागमा विभाजनको तस्बिर कोरिदिएका थिएनन्, तबसम्म स्थानीय बासिन्दा शान्तिसँग बसेका थिए।

कांग्रेस-एमालेले बनाएको, एमाले अध्यक्ष ओली स्वयंले हस्ताक्षर गरेको सात प्रदेसको नक्सामा पाल्पा, गुल्मी, अर्घाखाँची लागायत पहाडी जिल्ला पाँच नम्बर प्रदेसमा थिएनन्। त्यो बेला बुटवलमा पहाडका जिल्ला पाँच नम्बर प्रदेसमै राख्नुपर्छ भनेर आन्दोलन भएको थिएन, न त यी पहाडी जिल्लामा हामी बुटवलसँग एउटै प्रदेसमा बस्न पाउनुपर्छ भनेर बन्द नै भएको थियो। जब संघीयता भनेको विभाजन हो, पहाड र मधेस तथा जिल्ला-जिल्ला टुर्क्याउने खेल हो भन्ने प्रचार गर्दै राजनीतिक पार्टीका नेता-कार्यकर्ता गाउँ-गाउँ पसे तब मानिस संशकित भए। विरोधमा ओर्लिए।

राजनीतिक पार्टीहरुले संघीयता भनेको कुनै किसिमको विभाजन हैन, जुन प्रदेसमा बसे पनि अर्को प्रदेसमा जान कुनै रोकटोक हुन्न, परिवारबीच कुनै विभाजन हुन्न, तात्विक रुपमा आममानिसको जीवनमा केही फरक पर्दैन भनेर सम्झाएको भए जनता सडकमा ओर्लिएर रडाको मच्चाउँथे? संघीयताको नाममा झगडा गाउँ( सहर पुर्याएको अतिसंकीर्ण सोच भएका नेता र तिनका कार्यकर्ताले हो। जहाँसम्म मधेस र पहाड छुट्ट्याएर 'दुई राष्ट्रियता' संस्थागत गर्ने रणनीति हामीलाई मान्य छैन भन्ने एमालेको तर्क छ, त्यो त्रुटिपूर्ण र गैरजिम्मेवारपूर्ण छ। पाँच नम्बर प्रदेसबाट पहाडी जिल्ला हटाउँदा 'दुई राष्ट्रियता' संस्थागत हुने भए, दुई नम्बर प्रदेसमा मधेसका आठ जिल्ला मात्र राखेर हामीले त्यहाँ दुई राष्ट्रियता स्वीकार गरेको हो?

कहीँ पनि कुनै निश्चित मापदण्डअन्तर्गत प्रदेशहरु निर्माण गरिएका हैनन्। प्रदेश सीमांकनका बारेमा कुनै पनि ठूला वा साना पार्टीका नेताले जिम्मेवारीपूर्वक अडान राखेका छैनन्।

पहिले मधेसी नेताहरुले सम्पूर्ण मधेस एक प्रदेस हुनुपर्ने अव्यावहारिक नारा लगाए। पछि मधेसमा दुई प्रदेस चाहिने कुरा आयो। कांग्रेस-एमालेले मधेसमा दुई प्रदेससहित सात प्रदेसको नक्सा प्रस्ताव गारेपछि उपेन्द्र यादवले प्रश्न गरे, 'दुई नम्बर प्रदेसमा कुनै श्रोत छैन, के यो प्रदेश जानकी मन्दिरको भेटीले मात्र चल्छ? दुई नम्बर प्रदेसमा भित्री मधेसका सिन्धुली, रामेछाप, उदयपुर र मकवानपुर जिल्लाका केही भाग मिसाउनुपर्ने माग यादवले गरे।

प्रमुख पार्टीहरुको बैठकमा ओलीले त्यो प्रस्तावको ठाडै विरोध गरे, 'पहिले मधेसका जिल्लाको मात्र प्रदेस बनाउनुपर्छ भन्नेलाई अहिले किन चाहियो पहाडका जिल्ला?'

ओली प्रधानमन्त्री भइसकेपछि पनि यादवले भेटेर उनलाई मनाउन कोशिस गरे। उनका प्रमुख सल्लाहकार विष्णु रिमाललाई ओलीसँग भेट मिलाइदिन आग्रह गरे। यादवसँग भेट्न अस्वीकार गर्दै ओलीले रिमाललाई भने, 'नभेटौं, मैले कुरो बुझेको छु, त्यही सिन्धुली, रामेछाप, उदयपुर र मकवानपुर जिल्ला दुई नम्बरमा राखौं भन्नलाई हो, काम छैन।' ओलीको अडान उनले भनेजस्तो' मधेस र पहाड छुट्ट्याएर दुई राष्ट्रियता संस्थागत गर्ने रणनीति' विरुद्ध हुन्थ्यो भने उनी दुई नम्बर प्रदेशमा भित्री मधेसका जिल्ला मिसाउने प्रस्ताव विरुद्ध उभिने थिएनन्। पूर्वी मधेसमा पहाडी जिल्ला मिसाउन नमानेका उनै ओलीले अहिले पहाड-मधेस टुर्क्याउने षड्यन्त्र भन्दै यसलाई गैरजिम्मेवारीपूर्वक राष्ट्रवादी रङ दिएका छन्।

एमालेको तेस्रो अडान छ- भारतीय डिजाइनमा आएको यो संशोधन प्रस्ताव राष्ट्रघाती छ, त्यसैले संसदमा छलफल गर्न योग्य छैन। संविधान जारी हुनुअघिदेखि आजसम्म भारतको अनावश्यक चासो वा आपत्ति जगजाहेरै छ। हाम्रो संविधानप्रति बेखुसी हुँदै भारतले नाकाबन्दी नै लगायो। त्यो नाकाबन्दी नाजायज मात्र हैन, अमानवीय पनि थियो। भारतले नाकाबन्दी नेपाली कांग्रेसले नेतृत्व गरेको सरकारका पालामै लगाएको थियो। तर, त्यो नाकाबन्दी कायम रहेका बेलामै सुशील कोइरालाले भारतको अपारदर्शी चलखेलमा दोस्रोपटक प्रधानमन्त्री हुने लोभ देखाए। उनी संविधान जारी भएपछि प्रधानमन्त्री पद छाड्ने आफ्नो बाचामा मात्र चुकेनन्, जीवनभर भारतसँग लसपस नगरी राजनीति गरेका कोइरालाले जीवनको उत्तरार्धमा त्यो समर्पण बिसाए।

बरु ओलीले त्यो नाकाबन्दीको जमेर प्रतिरोध गरे। भारतको दादागिरीसामु उनी झुकेनन् मात्र हैन, नाकाबन्दी नहटुञ्जेल दिल्ली आउँदिन भनेर अडान राखे। अन्ततः भारतले आफ्नै पहलमा नाकाबन्दी हटायो। दिल्ली गएर पनि उनले भारतसँग अनावश्यक सम्झौता गरेनन्, झुकेनन्। बरू भारतबाट फर्केर उनी चीन गए। चीनसँग दीर्घकालीन महत्वका सम्झौता गरे, जसले अन्ततः भारतसँगको हाम्रो सम्बन्धलाई सम्मानजनक बनाउन मद्दत गर्नेछन्।

यहाँसम्म ओलीको राष्ट्रियताको 'प्लट' सही थियो। सरकारबाट बाहिरिएपछि नयाँ प्लट सुरु भयो, राष्ट्रियताको एउटा खराब प्लट सुरु भयो। ओलीको अहिलेको सबैभन्दा ठूलो कमजोरी मधेसमा गुम्सिएको असन्तोष नकार्नु हो। केही दिनअघि सम्पादकहरुसँगको अन्तर्क्रियामा ओलीले भने, 'के हो मधेस आन्दोलन? कुन मधेस आन्दोलन? म प्रधानमन्त्री भएपछि मधेस आन्दोलन समाप्त भयो।'

उनले थपे, 'मधेसमा असफल भएपछि केही समय उनीहरुको काठमाडौंमा प्यारोडी चल्यो, त्यसपछि कुनै मधेस आन्दोलन छैन। रेडियो नेपालले मात्रै बिहानै आन्दोलनरत् मधेसी दल भनेर फुक्छ।' मधेस आन्दोलनमा चार दर्जनभन्दा बढीले ज्यान गुमाए, सय दिनभन्दा बढी समयसम्म मधेस बन्द भयो। अहिले पनि मधेसका आठ जिल्लामा स्थानीय तह पुनर्संरचना आयोगले काम गर्न सकेको छैन। यही साता मात्र वीरगन्जमा एमालेले गर्ने भनेको एउटा कार्यक्रम मधेसी मोर्चाको दबाबका कारण स्थगित भयो।

मधेसका असन्तोषको कुनै न कुनै रुपमा सम्बोधन नगरी मुलक चुनावमा जान सक्ने अवस्था देखिएको छैन। जहाँसम्म भारतको प्रश्न छ, मधेसी पार्टीप्रति उसको सहानुभूति र सहयोग खुल्लमखुल्ला छ। नेपालको राजनीतिमा आफ्नो स्वार्थको सबैभन्दा राम्रो 'स्ट्रक्चरलफ ग्यारेन्टी' मधेसी पार्टीले नै गर्छन् भन्ने भारतीय बुझाइ छ। त्यही भएर नै भारतले मधेसी पार्टीलाई सघाउ पुर्याउन नाकाबन्दी लगाएको थियो। अहिले पनि मधेसी पार्टीहरुको न्यूनतम असन्तुष्टि सम्बोधन होस् भन्ने भारत चाहन्छ। चुनावमा जान मधेसी पार्टीका लागि 'फेस(सेभिङ' को मौका उपलब्ध होस् भन्ने चाहना भारतले लुकाएको छैन। नाकाबन्दी गलत कदम थियो भन्ने भित्री रुपमा 'रियलाइज' गरेको भारतको अहिलेको चाहना गाँठो फुकोस्, नेपालको राजनीति अघि बढोस् भन्ने नै देखिन्छ। नत्र मधेसी दल सहमतिका लागि यति धेरै लचक हुने थिएनन्।

तर, सत्ताबाट ओर्लिएपछि ओली आमनागरिकसामु मुलुकको फरक चित्र प्रस्तुत गर्ने ध्याउन्नमा छन्। उनको दलील छ( 'दुई राष्ट्रियता'को मान्यता स्थापित गरेर भारत अल्पकालीन र दीर्घकालीन रुपमा नेपाललाई अस्थिर राख्न चाहन्छ। वा, नेपाललाई बिखण्डन नै गर्न चाहन्छ। मधेसवादी दल भारतको त्यो चाहनाको मतियार बनेका छन्, नेपाली कांग्रेस त्यसैको पछि लागेको छ। केही महिना अघिसम्म आफ्नो सरकारमा रहेका माओवादी केन्द्र र राप्रपा पनि भारतकै पक्षमा लागेका छन्। राष्ट्र जोगाउने एक मात्र पार्टी अब एमाले हो र नेता केपी ओली हुन्।

यहाँनिर एमालेले नबुझेको वा बुझेर पनि बुझ पचाएको एउटा कुरा के भने, मधेसमा बिखण्डनकारी शक्ति पक्कै छ, तर त्यो मधेसी मोर्चामा रहेका पार्टी होइनन्। यी त संसदीय व्यवस्थाको फ्रेमवर्कभित्रकै पार्टी हुन्। संविधान मानेका र यही राज्यभित्र आफ्नो भूमिका बढाउन खोजिरहेका शक्ति हुन्। नेपाल राज्यभित्र अलि धेरै 'स्पेस' खोजिरहेका पार्टी हुन्।

मधेसलाई अलग राष्ट्र बनाउन चाहने शक्ति त बार्गेनिङ गर्न काठमाडौं आएकै छैन, आजादीको नारा लगाएर मधेसमै बसेको छ। मधेसी पार्टी र काठमाडौंमा बसेर मधेसको वकालत गर्ने नागरिक समाजलाई उसले 'पहाडीयाको दलाल' भन्छ। एक्लो मानिसबाट सुरु भएको सिके राउतको त्यो आन्दोलन आज फैलिएको छ। नेपाल राज्यसँग मधेसी समुदायका जायज र नाजायज गुनासालाई राउतले आफ्नो पक्षमा उपयोग गरेका छन्। बाँकी सहयोग जानेर वा नजानेर मधेसी पार्टी र मधेसका कथित बुद्धिजीविले नै गरेका छन्।

संविधानविरुद्धको आन्दोलनमा मधेसी पार्टी र बुद्धिजीविले जायज विषय मात्र उठाएनन्, आममधेसी आकर्षित गर्न धेरै प्रोपोगान्डा र झुट पनि सँगसँगै फैलाए। नयाँ संविधान अनुसार मधेसीको छोरा राष्ट्रपति त के गाविस अध्यक्ष पनि बन्न पाउँदैन भनी प्रचार गरे। मधेसीले सरकारी जागिर खान पनि नपाउने, मधेसी पुरुषसँग बिहे गरेर आउने बुहारीले नेपाली नागरिकता नपाउने झुट फैलाए। जुन राज्यमा पहाडेको छोरा राष्ट्रपति बन्न पाउँछ, तर मधेसीको छोराले सरकारी जागिर पनि खान पाउँदैन, त्यो राज्य कसरी मधेसीको हुन्छ? त्यो राज्यप्रति मधेसी युवा किन 'लोयल' हुन्छन्? मधेस आन्दोलनपछि सिके राउतका भेलामा युवाहरुको सहभागिता ह्वात्तै बढेको एउटा कारण त्यही हो।

अकोतिर मधेसी नेता, कार्यकर्ता र मधेसी नागरिक समाजले कहिले पनि नेपाली राज्य समावेशिताका दृष्टिले, मधेसका विषय सम्बोधन गर्ने हिसाबले पहिलेभन्दा कति अघि बढ्यो भन्ने कहिले पनि चर्चा गरेनन्। धेरै सुधार भएको छ र अझै सुधार पूर्ण भएको छैन भन्ने सकारात्मक सन्देश कहिल्यै दिएनन्। त्यसले मधेसको ठूलो तप्कामा घोर निराशा र लघुताभास भरेको छ। नेपाली राज्य र पहाडे समुदायसँग आक्रोशित धेरै युवा आज सिके राउततिर आकर्षित भएका छन्।

अहिले राष्ट्रियताको नयाँ 'प्लट' लिएर एमाले र ओली जसरी मैदानमा ओर्लिएका छन्, त्यसले मलजल गर्ने अन्ततः सिके राउत प्रवृत्तिलाई नै हो। उनी आफैंले विरोध गर्छु भनेको 'दुई राष्ट्रियता'को सिद्धान्तलाई नै यसले हुर्काउने हो। अहिले संविधान संशोधन प्रस्तावमा धेरै लफडा गर्नुपर्ने कारण छैन। सम्भव भएसम्म सबै पार्टी एकठाउँ बसेर मधेसलाई ग्राह्य हुने गरी संशोधन गर, त्यसले राष्ट्रियता कमजोर हैन बलियो हुन्छ। हाम्रो जुन भूराजनीतिक बनोट छ, यहाँ राष्ट्रिय एकताबिना राष्ट्रियता बलियो हुन सम्भव छैन।

पार्टीहरुबीच सहमति जुटेन भने संशोधन प्रस्तावलाई भोटमा लैजाउँ, संसदले पारित गरे पनि फेल गरे पनि त्यसलाई सार्वभौम संसदको निर्णय मानेर मुलुकलाई निर्वाचनमा लैजाउँ। नभुलौं, संसदभित्रका सबै राजनीतिक पार्टीहरुको यो संसदीय प्रणालीको सफलतामा 'स्टेक' छ।

मधेसी मोर्चा जतिबेला आन्दोलनमा थियो, जतिबेला मुलुकमा नाकाबन्दी थियो, काठमाडौंले भन्यो, 'नाकाबन्दी फिर्ता लिनुहोस्, संसदमा बसेर छलफल गरौं र निकास निकालौं।' ओली स्वयंले भने, 'रक्सौलको मितेरी पुलमा धर्ना दिएर संविधान संशोधन हुन्न, संसदमा आउनुहोस्, छलफल गरौं, दुईतिहाइ पुर्याउनुहोस्, संविधान संशोधन भैहाल्छ।' अहिले आएर संशोधन प्रस्तावमा संसदमा छलफल नै गर्न नदिने अडान लिएर मधेसी जनतालाई के सन्देश दिन खोजेको हो? सिके राउतसँगै जाउ भन्न खोजेको हो? जहाँसम्म यो 'राष्ट्रघाती प्रस्ताव' संसदमा प्रवेश गर्नै सक्दैन भन्ने ओलीको अडान छ, उनलाई सम्झना होस्-उनले दौरासुरुवाल लगाउन थालेको धेरै भएको छैन, उनी नेहरु कोट लगाएर भारतीय नेताहरुसँग मुस्कुराएका तस्बिर अहिले पनि सामाजिक सञ्जालमा छ्याप-छ्याप्ती छन्।

स्रोत : सेतोपाटी

# मिस गण्डकीको सेल्फ ट्यालेन्ट राउण्ड

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ३ पुस ।**



रियल इभेन्ट म्यानेज्मेन्ट र एस.टी. क्रियशनको संयुक्त आयोजनामा पोखरामा भई रहेको तेश्रो संस्करणको "मिस गण्डकी सिजन ३" को सेल्फ ट्यालेन्ट राउण्ड कार्यक्रम शनिबार पोखरामा सम्पन्न भएको छ । प्रतियोगीताका १८ जना प्रर्तिस्पर्धीले शनिबार सम्पन्न ट्यालेन्ट राउन्डमा नृत्य, गायन, हास्य प्रहशन, अभिनय र बौद्धिक कला जस्ता प्रस्तुतिहरु प्रर्दशन गरेका थिए ।

प्रतियोगिताको सेल्फ ट्यालेन्ट राउण्ड कार्यक्रममा निर्णायकहरुमा नृत्य निर्देशक तथा पोखरा कला केन्द्रका सञ्चालक राहुल थापामगर, सञ्चारकर्मी एवं मिसेस तीज २०६८ रोजी श्रेण्ठ र सञ्चारकमी उत्तम पौडेल निर्णायकको रुपमा रहेका थिए ।

यहि पुसको १६ गते शनिबारको दिन पोखरा सभागृह हलमा विविध साँगीतिक कार्यक्रमको साथमा प्रतियोगिताको अन्तिम प्रर्तिस्पर्धा हुँदैछ ।

आई.एफ.सी. फेशन कलेजका १८ जना ड्रेस डिजाइनरहरुको कलात्मक डिजाइनमा सजिएका प्रतियोगी मध्येबाट मिस गण्डकी सिजन ३ की उपाधि विजेताले क्राउन सहित एक लाख ८० हजार रुपैयाँ बराबरको स्कुटर र आर्कशक पुरस्कार पाउनेछिन त्यस्तै फस्ट रनर अपले पचास हजार रुपैयाँ बराबरको आर्कषक पुरस्कार र सेकेण्ड रनर अपले पच्चीस हजार रुपैयाँ बराबरको आकर्षक पुरस्कारको साथै अवार्ड, ट्रफी र प्रमाण पत्र आदी पाउनेछन् भने अन्य उप-विद्यामा विभिन्न किसिमका गिफ्ट ह्याम्परहरु प्रदान गरिने आयोजक संस्था रियल इभेन्ट म्यानेजमेन्टका प्रवन्ध निर्देशक सुशिल पोखरेलले जानकारी गराए ।

मिस गण्डकी जस्ता ब्युटी प्याजेन्टका कारण कैयौं युवतिहरुमा रहेको अन्तरनिहीत प्रतिभालाई प्रस्फुटन गराई उनीहरुको व्यत्तित्व तथा नेतृत्व विकासमा टेवा पुग्ने कुरामा आफू पूर्ण सहमत रहेको जानकारी गराउँदै कार्यक्रमका प्रमुख अतिथि एवं युवा ब्यबसायी इन्द्र कुँवरले आगामी सिजनमा पनि आफ्नो संस्थाको तर्फबाट स्कुटर प्रायोजनलाई निरन्तरता गर्ने घोषणा समेत गरे । कोरियोग्राफर सुरज थापाको कोरियोग्राफी तथा मोडल सेनाज गुरुङ, पुजन ज्योती थापा र सौरभ थापाको सह-कोरियोग्राफीमा हुँदै गरेको मिस गण्डकी कार्यक्रमलाई हेवेन म्याट्रेस, एसियन कन्टिनेन्टल ट्रेडिङ्ग ललितपुर, ग्लोबल मोटर्स प्रा.लि. पोखरा, फाडु ग्रुप काठमाडौं, जय बजरंङ्गबली डिष्ट्रिब्युशन प्रा.लि. युमे जापानिज ल्याङ्गव्येज, ट्रस्ट एजुकेशनल एकेडेमी, द कुटी रिसोर्ट, गुरुङ ब्युटी पार्लर एण्ड एकेडेमी प्रा.लि., दि फूलबारी रिसोर्ट एण्ड स्पा, परिचय एड्भटाइजिङ्ग, आई.एफ.सी. फेशन कलेज, होटल रिदम प्यालेस, रत्न इम्पोरियम, एल.के. ईलेक्ट्रो सप्लायर्स, म्याट्रेस वर्ल्ड, खुस्बु कलेक्शन, रोयल पोखरा रेस्ट्रो एण्ड लन्च बार, के एण्ड पी ट्रेडर्स, ईभा ट्रेडर्स, स्टेशन द फुड ब्लब गैह्रापाटन, पोखरा होम डेकोर, कम्पिलीट गार्डेन, मेलोडी क्याफे एण्ड लन्च बार, फेवा टेलिभिजन, एस.टु. प्रोडक्शन, ठिकठाक डटकम आदिले कार्यक्रम सम्पन्न पार्न सहयोग गरेकाछन् । कार्यक्रमको संञ्चालन सञ्चारकर्मी इनिशा दुरामगरले गरेकी थिईन् ।

# पोखरा पिससिटी लायन्सद्वारा स्वीटर वितरण

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ३ पुस ।**



लायन्स क्लव अफ पोखरा पिस सिटीले तनहुँको एक विद्यालयका बिद्यार्थीहरुलाई स्वीटर एवं खेलकूद सामाग्री प्रदान गरेको छ । तनहुँको अरुणोदय गाबिसको टक्रेभञ्ज्याङ स्थित श्री बालविकास निमाविमा उक्त सामाग्री प्रदान गरेको हो ।

पिस सिटीले दलित, बिपन्न तथा जेहेन्दार बिधार्थीलाई ५१ थान स्वीटर र फुटवल, भलिवल लगाएतका खेलकुद सामाग्री सुक्रवार विद्यालयमा आयोजित एक कार्यक्रममा प्रदान गरिएको हो । क्लवका अध्यक्ष किशोरमोहन भट्टराई, क्लवका संस्थापक अध्यक्ष सुदिपराज ढुङ्गाना, निवर्तमान अध्यक्ष टंकराज अधिकारी लगायतले विद्यालयका प्रधानाध्यापक रामजी सिग्देल, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष इमानसिंह थापा र बिधालय बाल क्लबका अध्यक्ष सन्तुकला थापालाई उक्त सामाग्री प्रदान गरेका थिए । उक्त विद्यालयमा क्लवकै पहलमा पुस्तकालय समेत स्थापना भइ सकेको छ ।

उक्त अवसरमा बोल्दै क्लवका अध्यक्ष किशोरमोहन भट्टराईले ग्रामिण भेगको सामुदायिक विद्यालयमा आफूहरुले सहयोग गर्न पाउँदा खुशी लागेको भन्दै दलित, बिपन्न तथा जेहेन्दार बिधार्थीलाई न्यानो कपडा स्वीटरका साथै विद्यालयमा अध्ययनरत बिद्यार्थीलाई खेलकूद सामाग्री वितरणले विद्यार्थीमा रहेको खेलकूद प्रतिभाको थप प्रस्फुटन हुने विश्वास व्यक्त गरे । संस्थापक अध्यक्ष सुदिपराज ढुङ्गाना र निवर्तमान अध्यक्ष टंकराज अधिकारीले क्लवको पहलमा पुस्तकालय स्थापना भइसकेको, न्यानो कपडा खेलकूद सामाग्री पनि लिएर आउन पाउँदा अति नै खुशी लागेको बताउदै सहयोगलाई आगामी दिनमा पनि निरन्तरता दिने प्रतिवद्धता जनाए । कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष इमानसिंह थापा, प्रधानाध्यापक रामजी सिग्देल, सहायक प्रअ मुक्तिनाथ सिग्देल र बिधालय बाल क्लबका अध्यक्ष सन्तुकला थापाले लायन्सले गरेको सहयोग प्रति आभार प्रकट गरेका थिए । कार्यक्रममा क्लवका तृतीय उपाध्यक्ष हरिराम पराजुली, सचिव राम प्रसाद अधिकारी कोषाध्यक्ष अर्जुन सिग्देल लगायतले पनि क्लवको बारेमा आ-आफ्नो भनाइ राखेका थिए ।

२०४७ सालमा स्थापित विद्यालयमा हाल २५० जना विद्यार्थी अध्ययनरत छन् । ०७२ साल वैशाख १२ गतेको महा भूकम्पले उक्त विद्यालयको भवन क्षति ग्रस्त अवस्थामा रहेको हुँदा पुनःनिमार्णको लागि दाताहरुको पर्खाईमा रहेको छ ।

# गोरु पाल्ने प्रचलन लोप हुँदै

**गोल्डेन न्यूज संवाददाता**
**पर्वत ३ पुस ।**

केही वर्ष अघिसम्म प्रत्येक घरमा हलगोरु पाल्ने चलन थियो । एक/एकवटा गोरु पालेका दुईजना मिलेर परेली गर्ने, अर्मपर्म गर्ने, खेतबारी जोत्ने र बालीनालीसँगै लगाउने पनि गर्दथे ।

पछिल्लो समय कृषिमा आधुनिक उपकरण भित्रिएसँगै यस्तो परम्परा हट्दै जान थालेको छ । गोरु पाल्ने झन्झटलाई आधुनिक उपकरणले विस्थापित गराउन थालेपछि अहिले गाउँघरमा खेतबारी जोत्ने गोरुसमेत लोप हुन थालेका छन् । पछिल्लो समय 'मिनी पावर टेलर' (यान्त्रिक हलो) भित्रिएपछि गोरु पाल्ने झन्झटबाट कृषकले मुक्तिपाएका हुन् ।

जिल्ला कृषि विकास कार्यालयले निश्चित प्रतिशत अनुदानमा यान्त्रिक हलो वितरण गर्न थालेपछि अहिले पर्वतका कृषकको आकर्षण त्यसतर्फ बढ्न थालेको हो ।

# ढिकुरपोखरी समाजको वनभोज

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ३ पुस ।**

ल्होछार २०७३ को अवसरमा ढिकुरपोखरी समाजमा आवद्ध तमु समुदायका सदस्यहरुमा शुभकामना आदान-प्रदान तथा बनभोज कार्यक्रम गरी च्यो ल्होसार मनाएको छ । समाज अध्यक्ष लालबहादुर कुवरको अध्यक्षतामा सम्पन्न कार्यक्रममा तमु समुदायका जेष्ठ सदस्य बजिरमान गुरुङको प्रमुख आतिथ्यतामा भएको थियो ।

कार्यक्रममा बोल्दै जेष्ठ सदस्य गुरुङले रोजगारीका लागि आफू लामो समयसम्म बिदेशमा रहनु परेको कारण आफनै गाउँठाउँका साथीभाइहरु समेत बिरानो भएको र आफूले सबैलाइ चिन्न नसके पनि समाजले आफुलाइ ढिकुरपोखरी बासीको रुपमा सम्मान गरेकोमा खुशी ब्यक्त गरेका थिए ।

समाजका सल्लाहकार कुलबहादुर गुरुङ कुलुले समाजका रचनात्मक कार्यकमहरुमा सबैले सहयोग गर्नु पर्ने भन्दै नेपाल बहुधार्मिक, बहुसास्कृतीक तथा बहुलबादी समाज भएकोले सबै समुदायका आ-आफ्ना सांस्कृतिक पहिचानहरु रहे जस्तै गुरुङ समुदायका लागि ल्होसार महत्वपूर्ण पर्व रहेको र यसबर्ष चरा बर्गको रुपमा च्यो ल्होसार मनाइएको बताए ।

कार्यकममा समाजका निबर्तमान अध्यक्ष आशबहादुर गुरुङ, ढिकुरपोखरी समाज बचत तथा ऋण सहकारी संस्थाका कोषाध्यक्ष मनपति अधिकारी समाजसेबी मानबहादुर गुरुङ समाजका उपाध्यक्ष बिष्णु अधिकारी, लोक गायिका अम्बिका भण्ढारी, समाजका सचिब बाबुराम भण्डारी लगायतले ल्योसार शुभकामना मन्तब्य ब्यक्त गरेका थिए ।

# व्यापार मेलाको समापन आज

**पोखरा ३ पुस ।(गोल्डेन)**

पोखराको नयाँबजारमा जारी राष्ट्रिय औद्योगिक व्यापार मेला सोमबार सकिँदैछ । लगानीको सम्वर्द्धन : उद्योग व्यवसायको प्रवर्द्धन भन्ने नाराका साथ मंसिर २३ गतेदेखि मेला चलेको हो । पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष विश्वशंकर पालिखेले मेलाले स्वदेशी उत्पादनको बजारीकरण तथा व्यवसायिक प्रवर्द्धनको लागि महत्वपूर्ण भूमिका खेलेको बताए । उनले आउँदा दिनमा मेलालाई अझ परिस्कृत गर्ने प्रतिवद्धता जनाए । पोखरा र समग्र पश्चिमाञ्चल को पर्यटकीय सम्भावनाको खोजी तथा आन्तरिक पर्यटन प्रवर्द्धनमा पनि मेला सहायक भएको उनको भनाइ छ ।

संघका वरिष्ठ उपाध्यक्ष रवीन्द्रबहादुर प्रजुका अनुसार सोमबार मेलामा टिकट काटेर प्रवेश गरेकाहरुमध्येबाट एक जनालाई बम्पर उपहार स्वरुप टिभिएस मोटरसाइल, दोस्रो वासिङ मेसिन,तेस्रो पुरस्कार ३२ इञ्चको टेलिभिजन सहित विभिन्न खाले सान्त्वना पुरस्कार पनि बितरण गरिने कार्यक्रम रहेको छ । पुरस्कारको निर्णय गोलाप्रथाबाट गरिनेछ । सोमबार ३: ३० बजेसम्म मेलास्थल प्रवेश गर्नेलाई गोलाप्रथामा सहभागि गराइनेछ । संघका महासचिव दामु अधिकारीले आइतबार करिब १५ हजार जनाले मेलाको अवलोकन गरेको दावी गरे । उनका अनुसार हालसम्म मेला अवलोकनकर्ताको संख्या १ लाख ४० लाख पुगेको छ भने १० करोड ५० लाख जतिको कारोवार भएको छ ।

मेलामा आइतबार नेपालकी चर्चित नायिका करिष्मा मानन्धरको उपस्थितिमा फेसन शोको आयोजना भयो। यसैगरी लोकदोहोरी गायक बद्रि पँगेनी पनि मेलाको आकर्षण रहे । विनोद बानियाको कर्णप्रिय स्वरमा धेरै लोभिए । सोमबार लोकदोहोरीतर्फ प्रिति आले मगर, पुरुषोत्तम न्यौपाने, शंकर विरही गुरुङ, पार्वती जिसी,चोलेन्द्र पौडेल, शिवहरि ढुंगाना, सीता परियार,माया केसी,रमेशबाबु थापालगायतका कलाकारको प्रस्तुति रहनेछ भने पपतर्फ कमल खत्री र ओम गुरुङको प्रस्तुति रहनेछ ।

यसैगरी मेलाअन्तर्गत आयोजना गरिएको पिसिसिआई गायन ताराको फाइनल पनि सोमबार नै हुने भएको छ । पहिलो हुनेलाई १ लाख राशी नगदसहितको पुरस्कार राखिएको सो प्रतियोगिताको फाइनलमा प्रशान्ति राई, मधुसुधन श्रेष्ठ, विशाल रेग्मी,अनिल विक,सुनिल आरडी र ओमकाजी थापा पुगेका छन् । निर्णायक र दर्शकहरुले दिएको मतको आधारमा तीमध्येबाट विजेता घोषणा गरिने प्रतियोगिताका निर्णायक श्यामसुङ तामाङले जानकारी दिए ।

# एमालेको फेवातालमा रक्तदान

**पोखरा ३ पुस ।**

नेकपा एमाले क्षेत्रीय संगठन कमिटी क्षेत्र नं.३ कास्कीद्वारा पोखरा फेवाताल डुङ्गामा रक्तदान कार्यक्रम सम्पन्न भएको छ । सामाजिक समानताका लागि क्रियाशील मुक्ति समाजको स्थापना दिवसको सन्दर्भ पारेर गरिएको सो कार्यक्रममा एमाले पोलिटव्यूरो वैकल्पिक सदस्य जगत विश्वकर्माले संविधान कार्यान्वयन गरी उत्पीडित समुदायको संवैधानिक अधिकारलाई स्थापित गर्ने बेला आएको बताए ।

सांसद टेकु नेपालीले रचनात्मक कामसँगै समानताका लागि सचेतना बढाउन लागिरहनु पर्ने बताइन् । २० युनिट रगत संकलन भएको कार्यक्रमको उद्घाटन पर्यटन व्यवसायी समाजका अध्यक्ष तिलक बहादुर अधिकारी क्षेत्रीले गरेका थिए ।

नेकपा एमाले क्षेत्र नं.३ का अध्यक्ष धनबहादुर नेपालीको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा उपाध्यक्ष नगेन्द्र गुरुङ्गले संचालन गरेका थिए । फेवा डुङ्गा व्यवसाय समितिको सक्रिय सहयोग रहेको कार्यक्रममा समाजसेवी विष्णु बहादुर भट्टराई र डुङ्गा व्यवसायी तारा विश्वकर्माले रक्तदातालाई फलफूल सहयोग प्रदान गरेका थिए । रक्तसंचार केन्द्र पोखराले तालमाथि डुङ्गामा रक्तदान गरिएको यो नेपालमै पहिलो कार्यक्रम भएको जनाएको छ ।

# वत्ति जडान

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ३ पुस ।**

परिवर्तन युवा समूहको अगुवाईमा स्याङ्गजा खर्केटारीमा सडक बत्ति जडान कार्य सम्पन्न भएको छ । सडकमा बत्ति नहुँदा रातीको समयमा स्थानियहरु हिंडडुल गर्न समस्या भएपछि समूहको अगुवाईमा बत्ति जडान कार्य गरिएको समूहका अध्यक्ष हुमबहादुर खत्रीले बताए ।

फेदिखोला गाविस खर्केटारीबाट वडा चौर सम्मको ३ किलोमिटर सडक खण्डमा छाप्री सहितको ३० वटा सडब बत्ति जडान गरिएको हो । समाजमा सकारात्मक परिवर्तनका लागि हालै मात्र गठित उक्त समूहले छिमेकी गाविस सेतीदोभान-१ छापाका दुबै मृगौला पीडित उपचाररत् डोलराज पोखरेलको सहयोगका लागि २९ हजार नगद रकम संकलन गरि उपचारका लागि हस्तान्तरण गरिने समूहका अध्यक्ष खत्रीले बताए । हाल उनको नेपाल किड्नी सेन्टर काठमाडौंमा उपचार भइरहेको छ ।


## हार्दिक समवेदना



जन्मः वि.स.:१९९३/07/१३

स्वर्गारोहण वि.स.:२०७३/0८/२२

स्व. रेशमलाल गौतम

सिद्धार्थ टोल विकास संस्थाका कार्यसमिति सदस्यका साथै सांस्कृतिक कार्यक्रमका सदस्य कल्पना गौतमका पुजनीय ससुराबुबा रेशमलाल गौतमको निधन भएकोमा हामी अत्यन्तै मर्माहत एवं स्तव्ध भएका छौं। उहाँको निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

गोमा कोइराला सुवेदी
अध्यक्ष एवं
सिद्धार्थ टोल विकास संस्था परिवार

## सस्तोमा जहाज टिकट

सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
## योर्स ट्रेड कन्सर्न
*एशियन पेन्टस्, रोयल ईस्पायराका साथै सिपेजको समस्या सावधान , वाटर प्रुफिङ गरिन्छ ।*
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

## खुशीको खबर !



के तपाईलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने, ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

## विदेश जानेहरूका लागि सुवर्ण अवसर

Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरू :- तयारी कक्षा धमाधम चलिरहेको छ ।
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल

सम्पर्क | फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट २०० मिटर तल (स्याङ्जा जाने बाटो)
होटल दिपमाला संगै
फोन:०६१-५५०२५२, मो. ९८४६०४१४९२

## अनेक समस्या सफल उपचार

ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।

यौन समस्या:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।

हामीकहाँ पियार एलोभेरा जुस पाइन्छ ।

महिला सम्वन्धि समस्या
महिनामारी गडवढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्धतिबाट सफल उपचार ।

जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने

सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।

दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।

थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दु:खाई ठिक पार्ने मसाज तेल ।

माछापुच्छ्रे हर्बो ट्रेड
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं.०६१-५३१८६७, मो. ९८४६१३७४१८
फ्रि होम डेलिभरि

## सेक्युरिटी गार्डमा वैदेशिक रोजगारमा जानको लागि तालिमको सुवर्ण अवसर

Abudhadi को Spark middle Cast Star Skill Force, UAE को DPS, कतारको Group-4, बहराईन, मकाउ लगायतका देशहरुमा सेक्युरिटी गार्डमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रियस्तरको Diplomatic सेक्युरिटी गार्ड तालिम, अग्रेजी भाषा र अन्तरवार्ताको तयारी कक्षाहरु सञ्चालन भइरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गरि आफ्नो सुनौलो भविष्यको सुनिश्चित गर्नुहोला।

हाम्रो विशेषताहरू :
❖१००% उत्तीर्ण गराउन सफल।
❖छोटो समयमा नै ख्याती प्राप्त गुणस्तरीय तालिम।
❖DPS र PSBD का Objective Questions Answer को प्राक्टिकल र मोडल Questions Answer को अध्ययन गराइने।

सम्पर्क
आर्मोर ग्रुप सेक्यूरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि
पृथ्वीचोकबाट १०० मि. तल एयरपोर्ट जाने बाटोमा
(मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा इलेक्ट्रोनिक्स भवन -तल्लो तलामा)
फोन नं. ०६१-५३०७२४, मो.९८४६३५५३४२,९८०६७०८२४६

## पोखरामा पहिलो पटक

यौनबर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
- स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
- केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
- Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
- उचाई बढाउन Step Up, Triple Height
- तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
- थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
- ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेनलिल।

अब Facebook मा www.facebook.com/Pokhara Herbal Home

पोखरा हर्वल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्रि होम डेलिभरी

# धादिङवासी बीच एकता हुनुपर्नेमा जोड

गोल्डेन न्यूज संवाददाता
पोखरा ३ पुस ।

पोखरामा रहेका धादिङवासीहरु व्यक्तिगत स्वार्थ भन्दा माथि उठ्नुपर्ने र सामाजिक संस्थामा काम गर्नेहरु राजनीतिक आस्था भन्दा माथि उठ्नुपर्नेमा पोखरामा आयोजित एक कार्यक्रमका वक्ताहरुले जोड दिएका छन् । धादिङवासीमाथि हेरिने नकारात्मक दृष्टिकोण र आइपर्ने आइपर्ने सबै समस्या समाधान गर्नका लागि धादिङवासी एकजुट हुनुपर्ने खाँचो उनीहरुले औंल्याए ।

धादिङ-पोखरा सम्पर्क समाजद्वारा आयोजित निवर्तमान कार्यसमितिको बिदाइ, नयाँ पदाधिकारीको पदस्थापन तथा एम्वुलेन्स खरिद सहयोगार्थ भेटघाट कार्यक्रममा बोल्ने वक्ताहरुले समाजमा राजनीतिक पूर्वाग्रही नराख्न समेत आग्रह गरे ।

कार्यक्रमको उद्घाटन गर्दै रिपाटर्स क्लव नेपालका अध्यक्ष ऋषि धमलाले जिल्लाका राजनीति दलका नेताहरुले पोखरामा रहेका धादिङवासीलाई वेवास्ता गर्न नहुने बताए । उनले धादिङमा चुनाव जित्ने आधार पोखरामा रहेका धादिङवासी भएकाले पोखरामा रहेका धादिङवासीको पनि मन जित्नुपर्ने खाँचो औंल्याए । पोखरामा धादिङ्गेहरुलाई सौताको छोराको व्यवहार नदेखाउन आग्रह गर्दै उनले भने-'पोखरामा रहेकाहरु पनि धादिङवासी हुन्, कामको शिलशिला या दुःख पाएर पोखरा आएका हुन् । त्यसैले नेताहरु तथा सामाजिक अगुवाहरुले जिल्लामा रहेका जिल्लावासीलाई जस्तै माया गर्नुपर्छ, दुःख, पीर मर्कामा साथ दिनुपर्छ ।'

धादिङ समाजले एम्वुलेन्स खरिद गर्न लागेको प्रसङ्ग कोट्याउदै कार्यक्रमका प्रमुख अतिथि धमलाले समाजको यो रचनात्मक अभियानमा आफ्नो सक्दो सहयोग रहने प्रतिवद्धता जनाए । एम्वुलेन्स बारे धादिङवासीलाई आश्वास्त पार्दै उनले भने-'तपाइँहरु ढुक्क हुनुहोस्, एम्वुलेन्स आउँछ-आउँछ, तपाइँहरुको यो सपना मेरो पनि हो, सपना अवश्य साकार हुन्छ।'

मुलुकमा राजनीतिक क्रान्ति सकिएको भन्दै धमलाले अब आर्थिक क्रान्ति गर्नुपर्नेमा जोड दिए । उनले आफूले अबको बहस राजनीतिक भन्दा आर्थिकमा केन्द्रित गर्ने समेत स्पष्ट पार्दै राजनीतिक दल तथा नेताहरुले फिस्टोको जस्तो छाती नबनाई राष्ट्रहितमा अग्रसर हुनुपर्ने खाचो औंल्याए ।

कार्यक्रममा अन्तर समाज महासंघ राष्ट्रिय समितिका अध्यक्ष दिपेन्द्र राइले धादिङ समाज पोखरामा रहेका समग्र समाजको अभिभावक भएको भन्दै धादिङ समाजको गतिविधि समग्र समाजका लागि मार्गदर्शन हुने बताए ।

नेपाली कांग्रेस धादिङका सचिव विनोद तिमिल्सिनाले पोखरामा रहेका धादिङवासीको हक हित र संरक्षणमा नेपाली कांग्रेसको सक्दो सहयोग रहने स्पष्ट पारे । उनले भने-'पोखरामा रहनुभएका तपाइँ धादिङवासीहरु ढुक्क हुनुहोस्, तपाइँको पीर मर्का सुन्न नेपाली कांग्रेस साथमा छ।'

उनले समाजले संचालन गरेको एम्वुलेन्स संचालन अभियानका लागि २५ हजार १०० रुपैयाँ सहयोगको घोषणा समेत गरे ।

नेकपा माओवादी केन्द्र धादिङका सह-संयोजक मनराज भण्डारीले पोखरामा रहेका धादिङवासीहरु एक भइ आवाज उठाउने हो भने जिल्लामा ठूला-ठूला विकास निर्माणका योजना अघि बढ्ने स्पष्ट पारे । उनले धादिङ समाजको एम्वुलेन्स खरिदका लागि माओवादी केन्द्र धादिङको तर्फबाट २० हजार २०५ सहयोगको घोषणा गरे ।

कार्यक्रममा माओवादी केन्द्रकी केन्द्रीय सदस्य शोमती तमु, नयाँ शक्ति नेपालका केन्द्रीय सदस्य रिम बस्याल, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य रुद्र भट्ट, नेपाली कांग्रेस धादिङका सदस्य नवराज तिमिल्सिना, नेपाल विद्यार्थी संघका केन्द्रीय सदस्य रामप्रसाद अधिकारी, नेपाली कांग्रेस धादिङ पोखरा सम्पर्क सदनका सभापति केदार धमला, माओवादी केन्द्र धादिङ-पोखरा समन्वयका अध्यक्ष रेशम सिंखडा लगायतले आ-आफ्नो भनाइ राखेका थिए ।

समाजका अध्यक्ष युवराज खतिवडाको अध्यक्षतामा भएको कार्यक्रममा समाजका संस्थापक अध्यक्ष नवराज दुवाडी, पूर्व अध्यक्ष कृष्ण कुमार श्रेष्ठ, संस्थापक सचिव रामकृष्ण दुवाडी, समाजका वरिष्ठ उपाध्यक्ष सुदर्शन बसौला, महासचिव हरि पन्त कार्यक्रम संयोजक युगमराज अगस्ती लगायतले संस्थाको गतिविधिमाथि प्रकाश पारेका थिए ।

कार्यक्रममा समाजको एम्वुलेन्स खरिद सहयोगार्थ अभियानमा सहयोग पुऱ्याउनेलाई सम्मान गरिएको थियो ।

## 'एमालेलाई ठूलो घाटा'

*धादिङ-पोखरा सम्पर्क समाजको प्रत्येक गतिविधिमा सक्रिय विरोध गर्दै आएको एमाले निकट धादिङ-पोखरा सम्पर्क मञ्चको विमत्ति तथा असहयोग शनिबारको कार्यक्रममा पनि रह्यो । कार्यक्रमको विशेष अतिथिको रुपमा समाजले एमाले पार्टी धादिङ तथा सम्पर्क मञ्चका अध्यक्ष वेनी पाठकलाई पत्र पठाएको थियो । तर कार्यक्रममा एमाले धादिङ तथा सम्पर्क मञ्चको तर्फबाट कोही पनि सहभागी भएनन् । कार्यक्रममा धादिङबाट कांग्रेस र माओवादी केन्द्रका नेताहरु सहभागी भएर समाजका लागि आर्थिक सहयोग समेत गर्नु तर एमालेका प्रतिनिधि सहभागी समेत नहुँदा धेरै धादिङवासीले आश्चर्य प्रकट गरेका छन् । कांग्रेस, माओवादी मसेत सहभागी कार्यक्रममा एमाले तथा सम्पर्क मञ्चका केही पदाधिकारी तथा प्रतिनिधि सहभागी नहुँदा खिन्नता प्रकट गर्नुका साथै मञ्चका अध्यक्ष वेनी पाठकको कमजोरी भएको बताएका छन् । मञ्चका अध्यक्ष पाठकले समाजको महाधिवेशनका क्रममा भएका गतिविधिलाई ठूलो इस्यू बनाउँदै आएका छन् । अधिवेशनदेखि नै रुष्ट बन्दै आएका मञ्चका अध्यक्ष पाठक शनिबारको कार्यक्रममा आएनन् भने जिल्लाबाट पनि कोही प्रतिनिधिलाई आउन दिएनन् । उनले समाजको कार्यक्रममा मञ्चका प्रतिनिधि भनेर संवोधन नगर्न र गरिए राम्रो नहुने चेतावनी दिएका थिए । पाठकले समाजले हाल गर्दै आएको एम्वुलेन्स खरिद प्रक्रिया र कार्यालय स्थानान्तरणलाई व्यक्तिगत स्वार्थको संज्ञा दिंदै आइरहेका छन् । समाजका केही अग्रज तथा कार्यक्रमका प्रमुख अतिथि ऋषि धमलाले समाजमा राजनीति गर्न खोज्नु र बोलाउदा समेत नआउदा एमाले स्वयंलाई घाटा हुने चर्चा गरेका थिए । ऋषि धमलाले अनौपचारिक रुपमा भनेका थिए-'एमाले कार्यक्रममा सहभागी नभएर गल्तीमात्रै गरेन, आफैलाई घाटा हुने काम गऱ्यो ।' समाजका एक अगुवाले एमाले कार्यक्रममा सहभागी नभए ठूलो गल्ती गरेको भन्दै यसको घाटा एमाले आफैलाई हुने विष्लेषण गरेका थिए ।*

# सडकमा रात बिताउनेहरुको बृत्तचित्र



गोल्डेन न्यूज संवाददाता
पोखरा ३ पुस ।

पोखराका सडकपेटीमा रात विताउने बाध्य असहाय, बेसहाराको स्वास्थ्य उपचार गर्ने उद्देश्यले बृत्तचित्र प्रर्दशन गरिएको छ ।युवा संघ पोखरा ६ बैदामले न्यानो कपडा वितरण अभियानका क्रममा खिचेका दृश्यहरुलाई बृत्तचित्र निर्माण गरेर देखाइएको हो । शनिबार साँझ पोखराको पर्यटकीय केन्द्रमा देखाइएको बृत्तचित्रबाट २४ हजार ४ सय ५५ रुपैयाँ संकलन समेत भएको छ । संकलित रकम सडकपेटीमा बस्ने बेसहारा, अनाथ र असहायको स्वास्थ्य उपचारका लागि खर्च गरिने युवा संघ नेपाल वडा नम्वर ६ बैदामका कोषाध्यक्ष केशव नेपालीले बताए । बृत्तचित्रमा पोखराका विभिन्न ठाँउमा रात विताउने बेसहारा, अनाथ र असहायको अवस्थालाई देखाइएको छ । पोखरा ६ बैदामको युवा संघले न्यानो कपडा वितरणका अवसरमा देखेको दृश्यले स्वास्थ्य सेवा अभियान संचालन गर्ने निधो गरेको थियो र आर्थिक संकलन गर्न बृत्तचित्र प्रर्दशन गरिएको युवा संघ बैदामका सहसचिव माधव गिरीले बताए । उनीहरुले खुटा नभएका दाङका कृष्ण चौधरीलाई खुटटा समेत राखि दिने भएका छन् ।

१९ वर्षिय चौधरी विगत ११ वर्षदेखि जिल्ला प्रहरी कार्यालय नजिकैको चौतारीमा जीवन विताउँदै आएका छन् । उनको दाहिने खुटटा छैन् । उनको खुटटा हाल्न करिव ३५ हजाररुपैयाँ खर्च लाग्ने र उक्त रकम युवा संघ ६ बैदामले व्यहोर्ने युवा संघ बैदामका कोषाध्यक्ष केशव नेपालीले बताए । मन्दिरमा गएर गरिने पूजा भन्दा बेसहाराका लागि गरिने सहयोग सवैभन्दा पून्य कर्म हुने युवा संघ सचिव जीवन नेपालीले बताए। बृत्तचित्र प्रर्दशन कार्यक्रममा नेकपा एमाले क्षेत्र नम्वर ३ क अध्यक्ष धनबहादुर नेपाली, पर्यटन व्यवसायी बासु त्रिपाठीले युवा संघ बैदामले गरेको काम प्रसंसा योग्य भएको बताउदै आगामी कार्यक्रममा आफनो तर्फबाट आवश्यक सहयोग गर्ने बताए ।

युवा संघ कुनै एनजीओ र आइएनजी ओ हैन्, तर हामी पीडितलाई सहयोग गरौ भन्ने भावनाले काम गरेको हौ न्यानो कार्यक्रमका संयोजक एवं युवा संघ गण्डकी उपाध्यक्ष महेन्द्र गुरुङले भने । संघका अध्यक्ष सलि देवान अस्वथ भएका कारण कार्यक्रममा उपस्थित हुन नसकेको भन्दै उनको उपाध्यक्ष गुरुङले उनको स्वास्थ्य लाभको कामना समेत गरेका थिए । बृत्तचित्र प्रर्दशन कार्यक्रम संघका उपाध्यक्ष सुन्दर पहारीको अध्यक्षतामा भएको थियो ।

# पोखरामा सफाइ अभियान जारी

गोल्डेन न्यूज संवाददाता
पोखरा ३ पुस ।

पोखरामा जारी बृहत सफाइ अभियानको २९ औं श्रृंखला सम्पन्न भएको छ। फिर्के-बुलौंदी सफाइ अभियान फेवाताल किनारमा पुगी समापन भए लगत्तै पोखरा उपत्यका बृहत सफाइ अभियानमा परिणत भइसकेको नागरिक समाज पोखराका संयोजक रामबहादुर पौडेलले जानकारी दिए ।

यसैबीच, २९ औं हप्ताको सफाइ अभियान खहरे चोकबाट सुरु भै बंगलादी गैह्राचौतारा हुँदै बाराहीघाटसम्मको फेवाताल किनारामा थुप्रिएका झण्डै ७ टन फोहोरमैला संकलन गरिएको वडासचिव राजुबहादुर कोइरालाले बताए ।

सफाइ अभियानलाई महिला सशक्तीकरण नेपाल, खहरे आमा समूह, बंगलादी आमा समूह, नमूना आमा समूह, जगदम्बा आमा समूह, मितेरी आमा समूह, बैदाम महिला समाज, घारीपाटन आमा समूह, अभियान युवा क्लब, अभियान क्लब महिला उपसमिति, उपकार बचत तथा ऋण सहकारी संस्था, हाम्रो सामुदायिक बचत तथा ऋण सहकारी संस्था, वडा बालमञ्च, साइनिङ स्टार मावि, नेश्नल इन्भेन्टिभ आवासीय मावि, फेवा बोर्डिङ स्कुल, वडा नागरिक मञ्च बैदाम, नेपाली सेना, नेपाल प्रहरी, पोखरा उपमहानगरपालिका, निजामती कर्मचारी लगायत सामाजिक अभियन्ताहरुको व्यापक सहभागिता रहेको वडा नागरिक मंच बैदामका संयोजक विष्णुहरि अधिकारीले जानकारी दिए ।

यसअघि, सृजना टोल विकास संस्थाका अध्यक्ष बलराम बरालबाट एक सय जोर डिस्पोजल ग्लोब, मुक्तिनाथ विकास बैंक तर्फबाट गोविन्द राउतले ५ सय थान मास्क र ५ सय जोर डिस्पोजल ग्लोब, ग्रिन मार्ट प्रालि एक सय थान मास्क र एक सय जोर डिस्पोजल ग्लोब सफाइ अभियानका लागि हस्तान्तरण गरिएको सामाजिक अभियन्ता ठाकुरप्रसाद बरालले जानकारी दिए ।

यसैबीच, कार्यक्रममा उपस्थित अभियन्ता, स्वयंसेवक र सहभागीलाई महिला सशक्तीकरण नेपालका संस्थापक अध्यक्ष एवं नागरिक अगुवा लक्की क्षेत्रीले सपथ गराएकी थिइन् । आगामी ३० औं हप्ताको सफाइ अभियान पुस ९ गते शनिबार बिहान साढे ७ बजे हल्लनचोकबाट भव्यताका साथ सुरु हुने वडा बाल मंच बैदामकी अध्यक्ष प्रेरणा पराजुलीले जानकारी दिइन् ।

# गण्डकी अटो मेकानिक्स एशोसिएशनमा भट्टराई

गोल्डेन न्यूज संवाददाता
पोखरा ३ पुस ।

गण्डकी अटो मेकानिक्स एशोसिएसन पोखराको १८ औं साधारणसभाले सनतकुमार भट्टराईको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ । भट्टराईले यसअघि पनि अध्यक्षको जिम्मेवारी लिई संस्थालाई अघि बढाउन महत्वपूर्ण योगदान पुऱ्याएका थिए । कार्यसमिति वरिष्ठ उपाध्यक्ष सानुमान जलारी, उपाध्यक्ष किरण कपाली, महासचिव पुरुषोत्तम सुवेदी, सचिव योगेन्द्रराज भण्डारी, कोषाध्यक्ष सन्तोषकुमार मिश्र, सहकोषाध्यक्ष रत्नबहादुर थापा छन् ।

सदस्यमा हिमाल तिमिल्सिना, कृष्णबहादुर खाँण, अर्जुन उप्रेती, डेढबहादुर गुरुङ, रामचन्द्र पौडेल, सोमबहादुर गुरुङ, छमबहादुर खत्री र नवराज सुनार छन् ।

नयाँ कार्यसमितिको पदस्थापन निर्वाचन संयोजक अधिवक्ता माधव बाँस्तोलाले गरेका थिए । कार्यक्रममा एशोसिएसनका पूर्वअध्यक्ष एवं अग्रज यातायात



व्यवसायी रमेश गिरीले मेकानिक्स सवारी साधनको सही डाक्टर भएकोले सक्कल पार्टस्को पहिचान गरेमा सवारीसाधन दुर्घटनामा न्यूनीकरण हुने बताए ।

कार्यक्रममा अटो व्यवसायी महासंघका केन्द्रीय उपाध्यक्ष सुवर्णमान नकर्मीले सबै मेकानिक्स एक भएमा व्यवसाय व्यवस्थित हुने बताए । २०५१ देखि एशोसिएनले अटो मेकानिक्सको हकहित एकता र व्यवस्थित कार्यका लागि महत्वपूर्ण कार्य गरेकोले सबै सदस्यहरुले आत्मीयता साथ लाग्नुपर्ने निवर्तमान अध्यक्ष कुलबहादुर नेपालीले बताए । एशोसिएसनका मानार्थ सदस्य सूर्यप्रसाद ढकाल, रेडियो सराङकोटका कार्यकारी निर्देशक कृष्ण थापा, मानवअधिकार शान्ति समाजका अध्यक्ष धिरज थापा, व्यवसायी सीप विकास समितिका प्रमुख तिलक रिमा, अधिवक्ता माधव बास्तोला, वरिष्ठ उपाध्यक्ष सानुमान जलारी, उपाध्यक्ष किरण कपाली, महासचिव पुरुषोत्तम सुवेदीलायत बोलेका थिए ।

कार्यक्रममा संस्थागत दैनिक प्रशासनमा महत्वपूर्ण भूमिका खेलेकोमा कार्यालय सचिव पार्वती बराललाई सम्मान गरिएको थियो । संस्थामा हाल २ सय ३७ सदस्य रही नियमितरुपमा विविध सामाजिक कार्य गर्दै पोखरा अटो ल्याण्ड निर्माणका लागि सम्बन्धित निकायसँग सहकार्य गरिने महासचिव पुरुषोत्तम सुवेदीले जनाए । साधारणसभाले हरेक शनिबार पसल बन्द गरी सरसफाइसहित वातावरणीय सन्तुलन कायम गर्ने निर्णय समेत गरेको छ ।

# एमालेको शोकसभा

पोखरा ३ पुस ।(गोल्डेन)

नेकपा एमाले वडा कमिटी पोखरा-१९ ले स्वं पार्वती जि.सी.को स्मृतिमा शोकसभा सम्पन्न गरेको छ। घार्मीमा आयोजित सभामा नेकपा एमाले केन्द्रीय कमिटीका वैकल्पिक सदस्य मानबहादुर जिसीले स्व. जि.सी. प्रति श्रद्धाञ्जली व्यक्त गर्दै पार्टीले असल अभिभावक गुमाएकोमा दुःख व्यक्त गरे । नेता जि.सी. ले एमालेले अग्रजहरुको सदैव सम्मान गर्ने बताउँदै, पार्टीप्रति पुऱ्याएको योगदान स्मरण गरे। वडा कमिटीका अध्यक्ष विष्णु गौतमको अध्यक्षतामा भएको शोकसभामा एमाले कास्कीका सचिवालय सदस्य शोभामोहन पौडेल, क्षेत्रीय सदस्य तोरण के.सी, ऋषि पौडेल, वडा कमिटीका उपाध्यक्ष बलराम पौडेल, पूर्व उपाध्यक्ष डिल्लीराम पौडेल, हिमलाल पौडेल, शिक्षासेवी शान्तिरमण पौडेल, ढुण्डिराज पौडेल, राधादेवी पौडेल, सचिव काशीराज आचार्य, उपसचिव विष्णुमाया पौडेल, पत्रकार शिशिर पौडेल, पवित्रा पौडेल, स्वर्गिय जि.सी. का छोरा प्रेमबहादुर जि.सी लगायतले स्व.जि.सी.ले देखाएको राजनीतिक बाटोलाई अनुसरण गर्नुपर्नेमा जोड दिएका थिए । एमालेका साङ्गठनिक सदस्य प्रेमबहादुर जि.सी. का ममतामयी आमा पार्वती जि.सी.को ८१ वर्षको उमेरमा मंसिर २५ गते आफ्नै वासस्थान घार्मीमा निधन भएको थियो ।

# '..नो कम्प्रोमाईज' वोर्डले अचम्मित

गोल्डेन न्यूज संवाददाता
पोखरा ३ पुस ।

आईतबार पोखरामा सधैं भन्दा फरक दृश्य देख्दा पैदल हिड्नेदेखि सवारी साधनहरुमा हिंड्ने समेत चकित परे। एउटा युवा, एक हातमा '..नो कम्प्रोमाईज' लेखेको वोर्ड लिएर उभिएको देखेर अचम्मित नहुने सायदै कमै थिए । त्यस माथिति युवाहरुलाई के हो यो भनेर यो सोध्दा एउटै जवाफ दिन्थे, जनचेतनाका लागि ।

पृथ्वीचोकमा 'सडक अनुशासनमा नो कम्प्रोमाईज' लेखिएको वोर्ड, वसपार्कमा 'सुरक्षित यात्रामा नो कम्प्रोमाईज', रंगशाला गेटमा 'फिटनेसको मामलामा नो कम्प्रोमाईज' लेखिएको वोर्ड, पश्चिमाञ्चल क्षेत्रीय अस्पतालको गेटमा 'स्वास्थ्यको मामलामा नो कम्प्रोमाईज' लेखेको वोर्ड लिएर उभिएको व्यक्तिहरुलाई यस वारेमा सोध्दा उनले जनचेतनाको लागि हो भन्ने जवाफ दिए। सबै अचम्म मानेर हेर्दै जान्थे ।

कसैकसैले मात्र त्यस बारेमा सोध्ने गर्दथे तर धेरै जना हेरेर पढेर आफ्नो वाटो लाग्थे । भाटभटिनी सुपर मार्केटको गेटमा 'परिवारको खुशीको मामलामा नो कम्प्रोमाईज' लेखिएको वोर्ड लिने नारायण वस्नेतले पनि जनचेतनाको लागि स्वतस्फुर्त रुपमा यो कार्य गरेको वताए ।

त्यस्तै हातमा 'आस्थाको मामलामा नो कम्प्रोमाईज' लेखिएको वोर्ड लिएका लेकसाईड, वाराही मन्दिर अगाडि भेटिएका अशोक थापाले पनि हामी अझै दुई दिन यसरी नै पोखरामा रहने जानकारी गराए ।

न्यूरोडमा भेटिएकी पैदल यात्री आर्या शर्मा र उनका साथीहरुले पनि पोखरामा यी वोर्डहरुले सबैलाई अचम्मित पारेको वताए ।

# सयपत्री सहकारीको स्वास्थ्य शिविर

पोखरा ३ पुस ।(गोल्डेन)

पोखरा-११, रानीपौवा स्थित सपयत्री वचत तथा ऋण सहकारी संस्थाले पोखरा हस्पिटल एण्ड रिसर्च सेण्टरको प्राविधिक सहयोगमा सिद्ध गाविस ९ स्थित जनता माध्यमिक विद्यालयको प्राङ्गणमा एक दिवसीय वृहत स्वास्थ्य शिविर तथा औषधि वितरण गरेको छ । आफ्नो रक्तपरीक्षण गराई कार्यक्रमको उद्घाटन गर्दै सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय कास्कीका प्राचार्य वद्रीनाथ अधिकारीले स्वास्थ्य शिविरको प्रशंशा गरे । शिविरमा पोखरा हस्पिटलवाट पेट, छाती र मुटुरोग विशेषज्ञ स्त्री तथा प्रसुति रोग विशेषज्ञ, प्रयोगशाला, इसिजी, भिडियो एक्सरे, लगायत स्वास्थ्य सेवा प्रदान तथा निःशुल्क औषधि वितरण गर्दै ४ सय ७० जनाले ८ सय ३० वटा सेवा ग्रहण गरेका थिए ।

यसैबीच चितवन मेडिकल कलेज चितवनले पनि दाँत रोग सम्वन्धी औषधि उपचार र प्राविधिक सल्लाह सहितको सेवा प्रदान गरेको संस्थाले जनाएको छ । सयपत्री सहकारी संस्थाका अध्यक्ष विश्वराज बाँस्तोलाको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा हस्पिटल एण्ड रिसर्च सेन्टरका अध्यक्ष जयवहादुर गुरुङ, प्राडा गोपीप्रसाद हिराचन, जनता मावि पोल्याङका विद्यालय व्यवस्थापन समिति अध्यक्ष सन्तवहादुर भूजेल, प्रधानाध्यापक विश्व रञ्जन सुवेदी, संस्थाका सचिव भीमप्रसाद न्यौपाने, सहसचिव वसन्तराज कोईराला, लगायतले वोलेका थिए । संस्थाका अध्यक्ष विश्वराज वास्तोलाले संस्थाले आर्थिक कारोवार मात्र नभई सामाजिक तथा मानवीय कार्यलाई गाउँ-गाउँसम्म विस्तार गर्ने लक्ष्य लिएको बताए ।


**कर्मचारी चाहियो**

पोखराको चिप्लेढुङ्गा, मानवअधिकारचोकस्थित चिनारी थकाली भान्छाघरका लागि निम्न कर्मचारी चाहियो ।

पद : कुक केल्पर — संख्या : २ जना
पद : वेटर — संख्या : २ जना
पद : किचन हेल्पर — संख्या : १ जना
पद : डिसवासर — संख्या : १ जना

सम्पर्क : **चिनारी थकाली भान्छाघर**
मानवअधिकारचोक, चिप्लेढुङ्गा, पोखरा, फोन : ०६१-५२६३०९

**कर्मचारी चाहियो**

ढिकुरपोखरी समाज पोखरा बचत तथा ऋण सहकारी संस्थाका लागि १ जना बजार प्रतिनिधि आवश्यक परेको हुँदा कास्कीको ढिकुरपोखरी स्थायी घर भइ हाल पोखरामा बसोबास गर्ने ईच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्कका लागि
फोन : ०६१-४१२२९८, ९८५६०३२२२२
९८५६०३३१७२, ९८५६०२७१७४

**के तपाईमा यौनसम्बन्धी समस्या छ ?**

**पुरुषमा देखिने** : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, पुरुष यौनाङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष ।
**महिलाहरूमा देखिने** : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, महिलाको यौनाङ्ग चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेतो दुवीका साथै अन्य चर्मरोगहरू ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानको सफल उपचार
**मलद्वार सम्बन्धी रोग** : पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुःख्ने, पोल्ने, दिसासंग रगत बग्ने आदि समस्याको सफल उपचार ।

बिरामी जाँच्ने समय : बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म

**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.**
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोनः ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१
नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।


सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा